# निरन्तर
# नेपाली व्याकरण र रचना

## कक्षा १



लेखक तथा सम्पादक


निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ–२९, नेपाल ।
फोनः ०१–४५४६३८४

नाम :........................................................................................

कक्षा :.............................................. रोल नं. ................................

सेक्सन :........................................... विषय :...................................

विद्यालयको नाम :...................................................................








पुस्तक : निरन्तर नेपाली व्याकरण र रचना (कक्षा–१)

लेखक/सम्पादक : डा. भूपहरि पौडेल

प्रथम संस्करण : २०७६, वैशाख

द्वितीय संस्करण : २०७७, वैशाख

तृतीय संस्करण : २०७८, वैशाख (पूर्ण परिमार्जित)

चतुर्थ संस्करण : २०८०, वैशाख



सर्वाधिकार : © प्रकाशकमा



प्रकाशक : निरन्तर प्रकाशन

काठमाडौँ, नेपाल

फोन नं. ०१–४५४६३८४

मूल्य : १५०।–

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यावहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न कक्षाका व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यावहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । विद्यार्थीहरूले सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । विद्यार्थीहरूलाई यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यावहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यावहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वाभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–१ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । यस पाठ्यपुस्तकको तहगत स्तरीयताको लागि सम्पादनको भूमिका निर्वाह गरिदिनु हुने प्रा. डा. ताराकान्त पाण्डेय, उप प्रा. रामचन्द्र के. सी. तथा कार्यकारी सम्पादक डा. भूपहरि पौडेल एवम् पुस्तक प्रकाशक, वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हामी हार्दिक कृतज्ञता गर्दछौँ ।

अन्तमा, यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ । तैपनि कतै त्रुटि रहन गएका हुन सक्छन् त्यसका लागि विज्ञ शिक्षक मित्रहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछौँ ।

– लेखक तथा सम्पादक

# विषयसूची


| | | |
|---|---|---|
| एकाइ १ | वर्ण | ५ |
| एकाइ २ | मात्रा | १३ |
| एकाइ ३ | नाम | १६ |
| एकाइ ४ | सर्वनाम | २१ |
| एकाइ ५ | विशेषण | २५ |
| एकाइ ६ | क्रिया | ३० |
| एकाइ ७ | अव्यय | ३३ |
| एकाइ ८ | लिङ्ग | ३७ |
| एकाइ ९ | वचन | ४१ |
| एकाइ १० | पुरुष | ४६ |
| एकाइ ११ | करण र अकरण | ५० |
| एकाइ १२ | वर्तमान काल | ५४ |
| एकाइ १३ | भूतकाल | ५७ |
| एकाइ १४ | भविष्यत् काल | ६१ |
| एकाइ १५ | विभक्ति | ६४ |
| एकाइ १६ | वाक्य | ६८ |
| एकाइ १७ | लेख्य चिह्न | ७३ |
| एकाइ १८ | शब्दभण्डार | ७७ |
| एकाइ १९ | पठन बोध | ८६ |
| एकाइ २० | चिठी/निवेदन | ८८ |
| एकाइ २१ | कथा | ९१ |
| एकाइ २२ | कविता | ९३ |

एकाइ १


# वर्ण

## स्वर वर्ण

१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :


अनार


आरु


इनार


ईश्वर


उखु


ऊन


ऋषि


एकतारे


ऐना


ओखर


औजार


अंखरा

अः

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | ई | उ | ऊ |
| ऋ | ए | ऐ | ओ | औ | अं |
| अः | | | | | |


२. तलका कोठामा स्वर वर्णलाई क्रम मिलाएर लेख्नुहोस् :



## ३. तलका चित्र हेर्नुहोस् अनि ती चित्रका नाम लेख्नुहोस् :























## व्यञ्जन वर्ण

### १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :


कछुवा


खरायो


गमला


घर


नङ


चरा



छड


जग


झरना


गोरु सिङ्गे ञ


टपरी


तराजु


डमरु


दराज


वाण



धनु


परेवा


फर्सी


बन्दुक


भवन


मकै



यन्त्र



रथ


लसुन


वन



शङ्ख


षट्कोण


सर्प


हनुमान


क्षत्री


त्रिभुज


ज्ञानी

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| च | छ | ज | झ | ञ |
| ट | ठ | ड | ढ | ण |
| त | थ | द | ध | न |
| प | फ | ब | भ | म |
| य | र | ल | व | श |
| ष | स | ह | क्ष | त्र |
| ज्ञ | | | | |

२. खाली कोठामा व्यञ्जन वर्णलाई क्रम मिलाएर लेख्नुहोस् :



अ, आ, इ, ई ... र क, ख, ग, घ ... लाई वर्ण भनिन्छ ।
स्वर वर्ण र व्यञ्जन वर्ण गरी दुई प्रकारका वर्णहरू छन् ।

## ३. तलका स्वर वर्णबाट दुई-दुईओटा शब्द बनाउनुहोस् :

अ

आ

इ

ई

उ

ऊ

ए

ऐ

ओ

औ





## ४. तलका व्यञ्जन वर्णबाट दुई–दुईओटा शब्द बनाउनुहोस् :

क

ख

ग

घ

च

ज

ट

ब

भ

र


म



एकाइ २

# मात्रा


## १. तलका शब्दहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :




काका, चाचा, मामा, नाना,
आमा, बाबा, तामा, रारा,
साना, लामा





किताव, किसान, कवि,
शिर, मित, दिन, चिल,
जिप, दिमाग





गीता, वीर, खीर, दीप,
सीता, टीका, कीट, तीर,
कीचक, बीस, मिठो




सुन, नुन, चुरा, कुरा, धुम,
दुलो जुट, दुःख, पुत्र, बुट





दूर, मूर्ख, चूर्ण, जून, गूढ,
धूप, पूजा, भूमि, मूर्ख




नेपाल, देवता, खेत, गेडा, चेला,
जेल, लेक, खेत, चेक, घेरा, नेता









पैसा, मैना, चैत,
कैलाश, दैलो, दैव,
बैठक, सैतान




ओखर, डालो, खोला, ओठ,
कोदालो, घोडा, जोड, चोर,
दोलखा, बोतल




दौरा, लौका, कौवा,
मौका, पौवा, बौलाहा,
गौरा, चौर, मौन

**व्यञ्जन वर्णमा जोडिएर आउने स्वर वर्णको रूपलाई मात्रा भनिन्छ ।**

## २. तलका शब्दहरू पढेर बुझ्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| आमा | चाचा | ऊन | सुन | उखु |
| छाना | पुल | भेडा | पैसा | वीर |
| बाजा | खाजा | चेला | पुल | ओखर |
| किताव | काल | गौडा | जमरा | जमिन |
| ज्ञान, | टिम | दिन | नानी | नेता |
| पीडा | फूल | परेला | खेत | गुरु |
| काका | मामा | काल | बिरामी | बिरुवा |
| बोतल | बोरा | माकुरा | मानव | मान |
| मोहर | लीला | बसन्ती | विद्या | चरा |

## ३. तलका तालिकामा मात्रा लागेका शब्दहरू भर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| आकार लागेका | = | काका | | |
| इकार लागेका | = | चिसो | | |
| ईकार लागेका | = | बिच | | |
| उकार लागेका | = | लुगा | | |
| ऊकार लागेका | = | पूजा | | |
| एकार लागेका | = | केरा | | |
| ऐकार लागेका | = | मैलो | | |
| ओकार लागेका | = | खोला | | |






एकाइ ३


# नाम


## १. तलका शब्दहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :


धरहरा


फूल


आमा


गोलो


हात्ती


रेडियो


जनकपुर


घडी


खरायो



बस


माया


रिस



नदी


बुद्ध


बथान


चामल


भकुन्डो


बा


रूख


डोको


कलम


घर



पुस्तक


बुवा


कृष्ण


सुन


मेच


गाई


हवाईजहाज


चरा


बाघ


राम


सीता


नेपाल


हिमाल


कमिला


झुप्पो


तेल


जुलुस


बाँदर







## २. तलका चित्र चिन्नुहोस् अनि चित्रका मुनि नाम लेख्नुहोस् :






















## ३. तपाईँको परिवारमा भएका व्यक्तिहरूका नाम लेख्नुहोस् । आफूलाई मनपर्ने कुरा तालिकामा भर्नुहोस् :

| नाता | नाम | मनपर्ने मान्छे | मनपर्ने जनावर | मनपर्ने खाना |
|---|---|---|---|---|
| हजुरबा | | | | |
| हजुर आमा | | | | |
| बुवा | | | | |
| आमा | | | | |
| दाजु | | | | |
| दिदी | | | | |
| भाइ | | | | |
| बहिनी | | | | |

**४. तल दिएका नाम शब्दहरूलाई तालिकामा भर्नुहोस् :**

सुजन, राधा, किताव, सीता, गणेश,
आँप, पोखरा, रेडियो, काठमाडौं, गाई,
दाल, लामखुट्टे, जरायो, चामल, बिस्कुट,
सुन्तला, कमिला, केरा, उडुस, बाघ,
कलम, जनकपुर, आमा, काका, घडी

| मानिसका नाम | सामानका नाम | खानेकुराका नाम | जनावरका नाम | किराका नाम | ठाउँका नाम |
|---|---|---|---|---|---|
| | | | | | |

**५. तलका शब्दहरू पढ्नुहोस् अनि नाम शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

घर भित्र, जान्छ चरा, हिमाल
नदी, कालो कोट, राम, नाच,
जान्छ, चाचा, बाहिर, भित्र, किताव,
केरा, पढ, बस्छ, कलम, मन्दिर,
गणेश, खेल, अम्बा, पानी, हुल
भन, खेल, माया, दाजु मदन

**कुनै व्यक्ति, वस्तु, ठाउँ र अवस्था जनाउने शब्दलाई नाम भनिन्छ ।**



एकाइ ४

# सर्वनाम

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



म



हामी



तँ/तिमी/तपाईँ



तिमीहरू



ऊ



उनीहरू

## २. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



म पाठ पढ्छु ।



हामी फुटबल खेल्छौं ।



तँ गीत गाउँछस् ।



तिमी पानी भर ।



तिमी पाठ पढ्छौ ।



उनीहरू गीत गाउँछन् ।



तपाईं खाना पकाउनुहुन्छ ।



ऊ खेत खन्छ ।




उहाँ पढाउनुहुन्छ ।

## ३. तलका वाक्यहरू पढ्नुहोस् अनि रातो अक्षरमा लेखिएका शब्दहरू सार्नुहोस् :

म स्कुल जान्छु ।

तँ चकचक नगर ।

ऊ बजार जान्छ ।

तपाईं डाक्टर हुनुहुन्छ ।

यो घर हो ।

हामी सहर जान्छौं ।

तिमी खाना खाऊ ।

उनी कलम किन्छिन् ।

उहाँ घुम्न जानुहुन्छ ।

त्यो खेल्न जान्छ ।

## ४. जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| म | | पढ्छौँ । |
| हामी | | पढ्छन् । |
| तिमी | पाठ | पढ्छ । |
| ऊ | | पढ्छिन् । |
| उनी | | पढ्छौ । |
| उनीहरू | | पढ्छु । |





## ५. तल दिएका सर्वनाम शब्द प्रयोग गर्नुहोस् र वाक्य बनाउनुहोस् :

म = ____________________

हामी = ____________________

तँ = ____________________

तिमी = ____________________

तपाईं = ____________________

ऊ = ____________________

उनी = ____________________

उनीहरू = ____________________

यो = ____________________

त्यो = ____________________

## ६. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) ____________ खाना खान्छु । (म, हामी, तँ)

(ख) ____________ गीत गाऊ । (हामी, ऊ, तिमी)

(ग) ____________ खाना खानुहुन्छ । (तपाईं, तिमी, ऊ)

(घ) ____________ विद्यालय जान्छिन् । (ऊ, उनी, तिमी)

(ङ) ____________ पाठ पढ्छौं । (तिमी, हामी, उनी)

(च) ____________ खेल्न जान्छन् । (तपाईं, उनीहरू, तँ)

**नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ ।**
**(म, हामी, तँ, तिमी, तपाईं, ऊ, उनी, उनीहरू आदि सर्वनाम हुन् ।)**



एकाइ ५

# विशेषण

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :


सानी केटी


सफा लुगा


पहेँलो केरा


थोरै दूध



अग्लो केटो



धेरै कलम


सेतो हिमाल


कालो कुकुर


ठुलो हवाईजहाज


हरियो पात


गुलियो चकलेट


सय रूपैयाँ







सेता दाँत



रातो फूल



गोलो भकुन्डो



मोटी केटी




सफा पानी



निलो आकाश

**२. तलका वाक्यहरू पढ्नुहोस् अनि रातो अक्षरमा लेखिएका शब्द बुझ्नुहोस् :**

(क) रूखमा धेरै चरा छन् । (ख) राम अग्लो छ ।

(ग) रमा गोरी छे । (घ) अचार पिरो हुन्छ ।

(ङ) हरिको घर ठुलो छ ।

(च) मसँग पाँच रूपैयाँ छ ।

(छ) सीता अल्छी छे ।

(ज) हिमाल सेतो हुन्छ ।

(झ) गोपाल असल छ ।

(ञ) सुन्तला गुलियो हुन्छ ।

**नाम अथवा सर्वनामको विशेषता जनाउने शब्दलाई विशेषण भनिन्छ ।**

## ३. तलका चित्र हेर्नुहोस् र मिल्ने विशेषण शब्द भर्नुहोस् :



______ फूल



______ रूपैयाँ



______ पानी



______ भकुन्डो



______ केटो



______ दाँत



______ कुकुर



______ केटी



______ केटो




______ पात



______ आकाश



______ चरा



______ गाई



______ सर्प



______ चिया

४. तल दिएका शब्दहरू राम्ररी पढ्नुहोस् अनि विशेषण शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| मानिस | हरि | हिमाल | कालो |
| तिमी | लामो | मन्दिर | सुन्दर |
| गोलो | कृष्ण | खान्छ | नदी |
| काली | अग्ली | केटी | तिमी |
| तितो | म | तपाईँ | राम्रो |
| धेरै | विद्यार्थी | स्कुल | गरिब |
| भकुन्डो | पाल्पा | अग्ली | सेतो |
| हरियो | अल्छी | एक | ठुलो |
| पचास | नदी | गाई | तरकारी |

५. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सेतो | केटो |
| अग्लो | सर्प |
| असल | हिमाल |
| पीरो | केरा |
| लामो | विद्यार्थी |
| पहेँलो | अचार |



६. तलको तालिकामा देखाए जस्तै विशेषण शब्द चिन्नुहोस् र गोलो ◯ घेरा लगाउनुहोस्:

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ह | रि | यो | प | चा | स | प | ल |
| क | से | तो | ख | रा | तो | अ | का |
| प | च | ला | मो | ङ | नि | लो | स |
| प | रो | घ | ग | च | ठू | लो | ल |
| ठ | ल | का | लो | का | ली | झ | ह |
| स | धे | रै | छ | स | फा | ज | क्ष |

७. तल दिएको चित्रमा रङ भर्नुहोस् :



एकाइ ६

# क्रिया

**१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :**



राम पाठ पढ्छ ।



म फुटबल खेल्छु ।



हामी विद्यार्थी हौँ ।



आमा खाना पकाउनुहुन्छ ।



बहिनी चित्र बनाउँछे ।



सीता गीत गाउँछे ।



गाई घाँस खान्छ ।





उहाँ पढाउनुहुन्छ ।

## २. तलका चित्र हेर्नुहोस् र मिल्दो क्रिया लेख्नुहोस् :




बहिनी पानी ________ ।



ऊ धेरै ________ ।



म रूख ________ ।



भेडा घाँस ________ ।



आमा पानी ________ ।



ऊ धेरै ________ ।



राम घर ________ ।



म बिरामी ________ ।



रमा भात ________ ।

**कर्ताले गरेको काम बुझाउने शब्दलाई क्रिया भनिन्छ ।**

## ३. तलका वाक्यहरू पढ्नुहोस् र क्रियामा ◯ गोलो घेरा लगाउनुहोस् :

(क) गीता पाठ पढ्छे ।

(ख) म झगडा गर्दिन ।

(ग) किसान खेत खन्छ ।

(घ) बहिनी ज्ञानी छे ।

(ङ) म खाना खान्छु ।

(च) हरि विद्यालय जान्छ ।

(छ) गाईले दूध दियो ।

(झ) म चिडियाखाना जान्छु ।

(ज) बुवा पढाउनुहुन्छ ।

(ञ) आज पानी पर्‍यो ।





## ४. तल दिएका शब्दहरूबाट क्रिया पद चिन्नुहोस् र खाली ठाउँमा लेख्नुहोस् :

म, खान्छु, गुरु, बुवा, पढाउनुहुन्छ, गाउँछ, तँ, हामी, राम, रातो, गुलियो, पढ्छ, सुत्छ, विद्यालय, पुस्तक, भाइ, सुन्तला, बोक्छ, जान्छ, सहर

| | | |
|---|---|---|
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |

## ५. मिल्ने क्रियापदसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म | पढ्छस् |
| हामी | पढ्छ |
| तँ | पढ्छु |
| राम | पढ्छे |
| गीता | पढ्छौँ |

## ६. तलका क्रियापद प्रयोग गर्नुहोस् र वाक्य बनाउनुहोस् :

पढ : ______ ।

खेल्छ : ______ ।

लेख : ______ ।

जान्छ : ______ ।

खन्छ : ______ ।

चढ्छ : ______ ।

दिन्छ : ______ ।

गाउँछ : ______ ।



एकाइ ७

# अव्यय

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



राम र दावा विद्यालय गए ।



टेबलमाथि पुस्तक छ ।



घरअगाडि धारो छ ।



गुरु पो आउनुभयो ।



आच्छु ! जाडो भयो ।



चराहरू भुर्र उडे ।



यो त मेरो कलम हो ।



मेरो घर खोलापारि छ ।

२. **तलका वाक्यहरू ध्यान दिएर पढ्नुहोस् र राता अक्षरमा लेखिएका शब्दको अर्थ बुझ्नुहोस् :**

आहा ! कति राम्रो फूल ।

राम र गोपाल विद्यालय जान्छन् ।

घरमुनि पँधेरो छ ।

आच्छु ! कति चिसो पानी ।

म भोलि आउँछु ।

तिमी उता जाऊ ।

सीता गई तर गोमा गइन ।

**रूप नबदलिने शब्दलाई अव्यय भनिन्छ ।**

३. **तल दिएका शब्दहरूबाट अव्यय शब्द चिन्नुहोस् र गोलो ◯ घेरा लगाउनुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घर, | आवाज, | तल | माथि, | पुस्तक, | सँग, | बस्छ, |
| भित्र, | खोला, | पारि, | अगाडि, | मुनि, | कोठा, | पोखरी, |
| धत्, | चरा, | सुटुक्क, | पो, | अनि, | है, | माथि, |
| तर, | अनि, | सित, | कापी, | आहा, | बस | |

४. **खाली ठाउँमा मिल्ने अव्यय शब्द लेख्नुहोस् :**

(क) म ________________ कलम छैन ।

(ख) घर ________________ धारो छ ।

(ग) ऊ ________________ पढछ ।

(घ) छाना ________________ चरो छ ।

(ङ) ________ कति बज्यो ।

(च) खोला ________ नजाऊ ।

(छ) रमा आई ________ उमा आइन ।

(ज) ________ घाम लाग्छ ।

## ५. कोष्ठकबाट मिल्ने शब्द छान्नुहोस् र खाली ठाउँ भर्नुहोस् :

(क) दराज ________ लुगा छ । (सँग, पनि, भित्र)

(ख) घर ________ खोलो छ । (भन्दा, नेर, बाट)

(ग) म ________ विद्यालय जान्छु । (फटाफट, भित्र, अनि)

(घ) सीता ________ प्रथम भइछ । (नेर, पनि, बाट)

(ङ) मैले पढें ________ लेखिन । (तर, कि, नत्र)

(च) भाइ आयो ________ खेल्यो । (सरासर, अनि, किनभने)

(छ) ऊ ________ हाँस्यो । (मुसुक्क, भोलि, माथि)

## ६. तलका अव्यय शब्दको वाक्य बनाउनुहोस् :

पो : ________ ।

आहा : ________ ।

भित्र : ________ ।

तर : ________ ।

सुटुक्क : ________ ।

आज : ________ ।

सँग : ________ ।

ओहो : ________ ।

अनि : ________ ।





७. तालिकामा अव्यय शब्द खोज्नुहोस् र गोलो ◯ घेरा लगाउनुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ल | प | छा | डि | क | मु | नि | ज |
| आ | ज | आ | हा | ति | र | छ | न |
| स | फ | त | ल | छ | सँ | ग | क |
| प | ब | भ | म | मा | थि | ट | ठ |
| ह | अ | नि | प | फ | ब | ड | ढ |
| य | फ | टा | फ | ट | अ | गा | डि |
| च | व | र | ल | ओ | हो | भ | म |
| त | र | च | वा | रि | ल | स | ह |

८. माथिको तालिकामा गोलो घेरा लगाएका अव्यय शब्द सार्नुहोस् :



एकाइ ८

# लिङ्ग

**१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :**



केटो


केटी


भाइ


बहिनी


बालक



बालिका



आमा


बुवा


भाले


पोथी


गोरु


गाई


छात्र


छात्रा


शिक्षक


शिक्षिका

**भाले अथवा पोथी बुझाउने शब्दलाई लिङ्ग भनिन्छ । भाले बुझाउने शब्द पुलिङ्ग हो । पोथी बुझाउने शब्द स्त्रीलिङ्ग हो ।**

२. तल दिएका शब्दहरू ध्यान दिएर पढ्नुहोस् अनि बुझ्नुहोस् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| काका | काकी |
| छोरा | छोरी |
| भान्जो | भान्जी |
| मोटो | मोटी |
| गाई | गोरु |
| हजुरबा | हजुरआमा |
| देवता | देवी |
| गोरो | गोरी |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गायक | गायिका |
| दाजु | भाउजू |
| राजा | रानी |
| बुवा | आमा |
| बेहुला | बेहुली |
| सानाबा | सानीमा |
| लाटो | लाटी |
| सानो | सानी |

३. तल दिएका शब्दहरू पुलिङ्ग र स्त्रीलिङ्ग छुट्याएर लेख्नुहोस् :

नायक, शिक्षक, गोरु, छात्रा, बहिनी, माइजू, काका, मामा, मोटी, लोग्ने, गुरुबा, पोथी, पाठो, मित, कुमारी, साने, केटी, फुपू, कुकुर, जेठो, नातिनी, गोरो, गोरी

पुलिङ्ग स्त्रीलिङ्ग

________________ ________________

________________ ________________

________________ ________________

________________ ________________



## ४. तलका पुलिङ्ग शब्दलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गोरो | |
| राजा | |
| पिता | |
| दाजु | |
| गोरु | |
| दुब्लो | |
| राम्रो | |
| सानाबा | |

## ५. तलका स्त्रीलिङ्ग शब्दलाई पुलिङ्गमा बदल्नुहोस् :

| स्त्रीलिङ्ग | पुलिङ्ग |
|---|---|
| केटी | |
| सानी | |
| राम्री | |





गोरी ____________________

कान्छी ____________________

आमा ____________________

नातिनी ____________________

जेठी ____________________

अग्ली ____________________

काकी ____________________

## ६. जोडा मिलाउनुहोस् :


| | |
|---|---|
| बालक | बज्यै |
| गोरु | नायिका |
| नायक | श्रीमती |
| बाजे | नातिनी |
| नाति | बालिका |
| श्रीमान् | गाई |

एकाइ ९

# वचन

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :


कलम



कलमहरू


मान्छे


मान्छेहरू



घर



घरहरू


किताव


कितावहरू


बल


बलहरू



मेच


मेचहरू


चरो


चराहरू


कुकुर


कुकुरहरू



झोला



झोलाहरू



डोका



डोकाहरू




बाघ



बाघहरू



रूख



रूखहरू

## २. तलका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| कुखुरा | कुखुराहरू |
| काग | कागहरू |
| कमिलो | कमिलाहरू |
| भकुन्डो | भकुण्डाहरू |
| हिमाल | हिमालहरू |
| मन्दिर | मन्दिरहरू |

| एकवचन | बहुवचन |
|---|---|
| किरा | किराहरू |
| प्रहरी | प्रहरीहरू |
| मान्छे | मान्छेहरू |
| लुगा | लुगाहरू |
| माछा | माछाहरू |
| घोडा | घोडाहरू |

**एक अथवा एकभन्दा धेरै बुझाउने शब्दलाई वचन भनिन्छ ।**
**एउटालाई बुझाउने शब्दलाई एकवचन भनिन्छ ।**
**एकभन्दा धेरैलाई बुझाउने शब्दलाई बहुवचन भनिन्छ ।**

३. **एउटा बुझाउने र धेरै बुझाउने शब्दहरूलाई छुट्याएर लेख्नुहोस् :**

हिमाल, गुरु, रूखहरू, लुगाहरू, कुखुरा, झोलाहरू, कमिला, गाईहरू, कुखुराहरू, झोला, प्रहरी, किराहरू, आँखा

| एउटा बुझाउने (एकवचन) | धेरै बुझाउने (बहुवचन) |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |





४. एउटा बुझाउने शब्दमा 'हरू' जोडेर धेरै बुझाउने शब्दहरू बनाउनुहोस् :

| एउटा बुझाउने | धेरै बुझाउने | एउटा बुझाउने | धेरै बुझाउने |
|---|---|---|---|
| केटो | ______ | घोडा | ______ |
| किताव | ______ | कमिला | ______ |
| पुतली | ______ | माला | ______ |
| मुसा | ______ | बच्चा | ______ |
| रूख | ______ | भकुन्डो | ______ |
| चरो | ______ | डाक्टर | ______ |
| तिमी | ______ | खाट | ______ |

५. एकवचन बुझाउने वाक्यलाई बहुवचन बुझाउने वाक्य बनाउनुहोस् :

जस्तै : चरो उड्यो । चराहरू उडे ।

(क) भाइ खेल्छ । ______________ ।

(ख) बहिनी सुत्छे । ______________ ।

(ग) मुसो भाग्यो । ______________ ।

(घ) राम जान्छ । ______________ ।

(ङ) गाई करायो । ______________ ।

(च) घर भत्कियो । ______________ ।

(छ) चुरा फुट्यो । __________________ ।

(ज) घर सानो छ । __________________ ।

**६. तलका बहुवचन बुझाउने वाक्यलाई एकवचन बुझाउने वाक्य बनाउनुहोस् :**

जस्तै : गाईहरू कराए । गाई करायो ।

(क) विद्यार्थीहरू पढ्छन् । __________________ ।

(ख) रामहरू खेल्छन् । __________________ ।

(ग) चराहरू उडे । __________________ ।

(घ) बहिनीहरू नाच्छन् । __________________ ।


(ङ) रूखहरू ढले । __________________ ।

(च) मुसाहरू भागे । __________________ ।

(छ) मान्छेहरू गए । __________________ ।

(ज) केटाहरू कुदे । __________________ ।

**७. तल दिएको चित्रमा रङ भर्नुहोस् :**



एकाइ १०

# पुरुष

## १. तलका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



म विद्यार्थी हुँ ।



हामी विद्यार्थी हौँ ।



तँ फुटबल खेल् ।



तिमी गीत गाऊ ।



तपाईं पढ्नुहोस् ।



ऊ किसान हो ।



उनी शिक्षिका हुन् ।



उहाँ कलाकार हुनुहुन्छ ।

बोल्ने व्यक्ति : म, हामी

सुन्ने व्यक्ति : तँ, तिमी, तपाईँ

जसको बारेमा कुरा हुन्छ : ऊ, उनी, उहाँ


बोल्ने वक्ता, सुन्ने श्रोता र जसको बारेमा कुरा हुन्छ, तिनलाई जनाउन प्रयोग गरिने सर्वनाम शब्दलाई पुरुष भनिन्छ ।

**२. तल दिएका शब्दहरू तालिकामा भर्नुहोस् :**

म, ऊ, उनी, उहाँ, तिमी, तँ, हामी, तपाईँ

| बोल्ने व्यक्ति | सुन्ने व्यक्ति | जसको बारेमा कुरा हुन्छ |
|---|---|---|
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |

**३. चित्र हेर्नुहोस् र खाली ठाउँमा भर्नुहोस् :**



______ गीत गाउँछौ (म, उनी, हामी)



______ फुटबल खेल्छस् । (तँ, तिमी, तपाईँ)



______ खेत खन्छु । (हामी, म, तँ)



________ रूख रोप्नुहुन्छ । (हामी, ऊ, तपाईँ)



________ पाठ पढ्छ । (म, ऊ, उनी)



________ आँप खान्छिन् । (तपाईँ, उनी, उहाँ)



________ बजार जान्छौ । (तँ, तिमी, हामी)

## ४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म, हामी, | सुन्ने व्यक्ति |
| तँ, तिमी, तपाईँ | जसको बारेमा कुरा हुन्छ |
| ऊ, उनी, उहाँ | बोल्ने व्यक्ति |

## ५. तालिकाबाट वाक्य बनाउनुहोस् :

| | | |
|---|---|---|
| म | | पढ्छौँ । |
| हामी | | पढ्छिन् । |
| तँ | | पढ्नुहुन्छ । |
| तिमी | पाठ | पढ्छु । |
| तपाईँ | | पढ्छस् । |
| ऊ | | पढ्छौ । |
| उनी | | पढ्छ । |

म : ____________________ ।

हामी : ____________________ ।

तँ : ____________________ ।

तिमी : ____________________ ।

तपाईँ : ____________________ ।

ऊ : ____________________ ।

उनी : ____________________ ।

उहाँ : ____________________ ।

## ६. तलका सर्वनाम प्रयोग गरेर वाक्य बनाउनुहोस् :

म : ____________________ ।

हामी : ____________________ ।

तँ : ____________________ ।

तिमी : ____________________ ।

तपाईँ : ____________________ ।

ऊ : ____________________ ।

उनी : ____________________ ।

उहाँ : ____________________ ।





एकाइ ११

# करण र अकरण

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



म खेल्छु ।



म खेल्दिन ।



बच्चा रुन्छ ।



बच्चा रुँदैन ।



ऊ लेख्छ ।



ऊ लेख्दैन ।



राम खान्छ ।



राम खाँदैन ।



शिक्षक पढाउनु हुन्छ ।



शिक्षक पढाउनु हुँदैन ।



गाई चर्छ ।



गाई चर्दैन ।

**कुनै कुरा छ, हो अथवा हुन्छ भन्नु करण हो ।**
**कुनै कुरा छैन, होइन अथवा हुँदैन भन्नु अकरण हो ।**

## २. तल दिएका वाक्य पढेर बुझ्नुहोस् :

| करण | अकरण | करण | अकरण |
|---|---|---|---|
| म खान्छु । | म खान्न । | ऊ जान्छ । | ऊ जाँदैन । |
| पानी पर्‍यो । | पानी परेन । | राम नाच्छ । | राम नाच्दैन । |
| तिमी उठ । | तिमी नउठ । | सीता सुत्छे । | सीता सुत्दिन । |
| घर जाऊ । | घर नजाऊ । | गाई चर्छ । | गाई चर्दैन । |

**३. तल दिएका करण र अकरण क्रियापद छुट्याउनुहोस् अनि तलको तालिकामा भर्नुहोस् :**

जाला, भन्छ, नजाला, उठ, नहोला, आई, होइन, हो, रोएँ, रोइन, सुत्छौ, होइनन्, बस्छु, बस्दैन, उठ, नाच्दिन, पढाउनुहुन्छ, रुन्छ, जान्छौ, पढ्छिन, खेल्दैन, खन्छ, रोप्छ, किन्यो, धुन्छ, खान्छु, जान्छे

| करण | अकरण |
|---|---|
| ______________ | ______________ |
| ______________ | ______________ |
| ______________ | ______________ |
| ______________ | ______________ |

**४. जोडा मिलाउनुहोस् :**


| | |
|---|---|
| हो | खान्न |
| छ | नउठ |
| जान्छु | होइन |
| खान्छु | आइन |
| आई | छैन |
| उठ | जान्न |



## ५. तलका क्रियालाई अकरणमा बदल्नुहोस् :

| | | | |
|---|---|---|---|
| रोएँ | ____________ | पढ | ____________ |
| खेल्छ | ____________ | जाला | ____________ |
| सुत्छौ | ____________ | बस्छ | ____________ |
| गयो | ____________ | उठ | ____________ |
| खानेछु | ____________ | नाच्छ | ____________ |
| चढ्छु | ____________ | आऊ | ____________ |
| आइन् | ____________ | खानु | ____________ |

## ६. तलका चित्रमा रङ भर्नुहोस् :



एकाइ १२

# वर्तमान काल


## १. तलका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



म पढ्छु ।



हामी खेल्छौँ ।



गाईहरू चर्दै छन् ।



ऊ नाच्छे ।



भाइ रुन्छ ।



बहिनी सुत्छे ।



राम लेख्छ ।



सीता हाँस्छे ।



गुरु पढाउनुहुन्छ ।



गोपाल खान्छ ।

**काल भनेको समय हो ।**
**अहिले चलिरहेको समय बुझाउने काललाई वर्तमान काल भनिन्छ ।**

## २. तल दिएका चित्र हेर्नुहोस् अनि खाली ठाउँमा वर्तमान कालका क्रियापद लेख्नुहोस् :




आज पानी ________________ ।



गाई घाँस ________________ ।



म मोटर ________________ ।



राम पुस्तक ________________ ।

## ४. वर्तमान काल जनाउने क्रियापदलाई गोलो ◯ घेरा लगाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| गर्छ, | गऱ्यो, | पढ्छ, | खायो, | खान्छ, | सुती, |
| पढ्दै छ, | नाच्छ, | खेल्दै छ, | रुन्छ, | काट्छ, | सुन्छे, |
| सुत्छन्, | हाँस्छे, | खन्छौ, | गयो, | पढ्यो | बस्यो, |
| रोप्छ, | खान्छ, | दिन्छ, | | | |

## ५. जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| म | | खेल्छिन् । |
| हामी | | खेल्छ । |
| तिमी | | खेल्छौँ । |
| तँ | फुटबल | खेल्नुहुन्छ । |
| तपाईँ | | खेल्छु । |
| ऊ | | खेल्छौ । |
| उनी | | खेल्छस् । |

## ६. तपाईं दिनभर के के गर्नुहुन्छ ? पाँच वाक्यमा लेख्नुहोस् :

(क) ______________________________ ।

(ख) ______________________________ ।

(ग) ______________________________ ।

(घ) ______________________________ ।

(ङ) ______________________________ ।




एकाइ १३

# भूतकाल

## १. तलका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



पानी पऱ्यो ।



पहिरो गयो ।




रामले पढ्यो ।



मैले फुटबल खेलें ।



गाईले घाँस खायो ।



बहिनीले दूध पिई ।




गोपाल शिक्षक बन्यो ।



मैले पुरस्कार पाएँ ।



उनीहरू घर आए ।



तँ नाचिस् ।

**पहिले भएको कामको समय बुझाउने काललाई भूतकाल भनिन्छ ।**

**२. तलका चित्र हेर्नुहोस् अनि खाली ठाउँमा भूतकाल जनाउने क्रियापद लेख्नुहोस् :**



मैले गीत ______________ ।



रमाले पुस्तक ______________ ।



आमाले घाँस __________ ।



किसानले खेत __________ ।



सीताले कथा __________ ।



भाइ खेल्न __________ ।

## ३. भूतकाल जनाउने क्रियापदमा गोलो ◯ घेरा लगाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| हेर्छु, | पढ्यो, | डस्छ, | लेख्छ, | सुत्यो, | बस्ने छ, |
| सुन्छु, | लेख्यो, | खायो, | बस्यो, | भन्यो, | भन्छ, |
| नाच्यो, | करायो, | बनी, | धोयो, | हाँस्यो, | काट्छ, |
| बस्यो, | लेख्छु, | पस्छ, | पढ्यो, | काट्यो, | थियो |

## ४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मैले गीत | पढ्यो । |
| आमाले खाना | काटी । |
| रामले पाठ | पढाउनुभयो । |
| सीता बजार | पकाउनुभयो । |
| बहिनीले घाँस | गाएँ । |
| गुरुले पाठ | गई । |

## ५. हिजो तिमीले के के काम गऱ्यौ, पाँच वाक्यमा लेख्नुहोस् :

(क) ________________________________ ।


(ख) ________________________________ ।

(ग) ________________________________ ।

(घ) ________________________________ ।

(ङ) ________________________________ ।

## ६. तल दिएको चित्रमा रङ भर्नुहोस् :



एकाइ
१४

# भविष्यत् काल

## १. तलका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



साथीहरू आउने छन् ।




म चित्र बनाउने छु ।



भाइ शिक्षक बन्ने छ ।



सीता बजार जाने छे ।



बहिनी पिङ खेल्ने छे ।



विजय फुटबल खेल्ने छ ।

**पछि आउने समयका बारेमा बताउने काललाई भविष्यत् काल भनिन्छ ।**

## २. तलका चित्र हेर्नुहोस् अनि खाली ठाउँमा भविष्यत् काल जनाउने क्रियापद लेख्नुहोस् :



म पाठ ______ ।



हरि विद्यालय ______ ।



सीता खाना ______ ।



ऊ गीत ______ ।



बुवा खेत ______ ।



राम फुटबल ______ ।



भाइ डाक्टर ______ ।



उनीहरू चित्र ______ ।

## ३. भविष्यत् काल जनाउने क्रियापदमा गोलो ◯ घेरा लगाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| पढ्ने छ, | पढ्छ, | खाने छ, | सुन्छ, | सुन्दै छ, |
| आउने छ, | चढ्छ, | बनाउने छु, | मार्ने छ, | देख्छ, |
| डुल्ने छ, | भन्ने छ, | आउँछ, | आयो, | झर्‍यो, |
| बस्ने छ | खेल्ने छ, | डराउँछ, | दिनुभयो, | |

## ४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| रामले पाठ | गाउने छिन् । |
| उमाले गीत | जाने छन् । |
| उनीहरू घुम्न | गर्ने छ । |
| किसानले खेती | बस्ने छ । |
| बाघ ओडारमा | पढ्ने छ । |

## ५. तपाईं भोलि के-के काम गर्नुहुन्छ, पाँच वाक्यमा लेख्नुहोस् :

(क) ________________________________ ।

(ख) ________________________________ ।

(ग) ________________________________ ।

(घ) ________________________________ ।

(ङ) ________________________________ ।





एकाइ १५

# विभक्ति

## १. तलका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



भाइले बल खेल्यो ।



आमा घरमा हुनुहुन्छ ।



रूखबाट आँप खस्यो ।



घरदेखि विद्यालय टाढा छ ।



म भाइलाई पढाउँछु ।



यो उसको कलम हो ।



बहिनी चम्चाद्वारा भात खान्छे ।



यो मेरो घर हो ।



मेरी दिदी अग्ली हुनुहुन्छ ।



मेरा दाजु पढाउनुहुन्छ ।

## २. तल दिएका पाठ पढ्नुहोस् अनि बुझ्नुहोस् :

यो उसको कलम हो ।

म सीतालाई कलम दिन्छु ।

मेरो भाइ असल छ ।

भाइले चङ्गा उडायो ।

आफ्नो सामानको रक्षा गर्नुपर्छ ।

रूखबाट पात झर्‍यो ।

टेबलमाथि कलम छ ।

झोलामा पुस्तक राख ।

मेरा मामा विदेश जानुभयो ।

रमाद्वारा पुस्तक पढिन्छ ।

राम बसबाट घर आयो ।

रूखबाट आँप खस्यो ।

**शब्दका पछाडि जोडिने ले, लाई, देखि, बाट, मा, माथि, रो, रा, री जस्ता चिह्नहरू विभक्ति हुन् ।**

## ३. तलका वाक्यमा विभक्ति चिनेर गोलो ◯ घेरा लगाउनुहोस् :

| | |
|---|---|
| (क) म बसबाट आएँ । | (ख) मेरी बहिनी ज्ञानी छे । |
| (ग) छानामा चरा छ । | (घ) रूखबाट स्याउ झऱ्यो । |
| (ङ) मैले रामलाई भेटेँ । | (च) मेरो कलम हरायो । |
| (छ) म रमालाई पैसा दिन्छु । | (ज) आफ्नो कलम झोलामा राख । |
| (झ) सीताले कलम किनिन् । | (ञ) भाइको पुस्तक हरायो । |

## ४. मिल्ने विभक्ति छानेर खाली ठाउँ भर्नुहोस् :

(क) रूख ____________ स्याउ खस्यो । (ले, बाट, लाई)

(ख) दावा ____________ बहिनी ज्ञानी छे । (की, रो, ले)

(ग) श्याम बस ____________ घर आयो । (बाट, लाई, ले)

(घ) राम ____________ भकुन्डो हरायो । (ले, रो, को)

(ङ) झोला ____________ कलम राख । (ले, मा, बाट)

(च) सीता ____________ पुस्तक किनी । (लाई, ले, बाट)

(छ) विद्यार्थीहरू कक्षा ____________ छन् । (ले, मा, द्वारा)

(ज) उमेश विद्यालय ____________ घर आयो । (मा, देखि, ले)



## ६. तलका विभक्ति चिह्न प्रयोग गरी वाक्य बनाउनुहोस् :

ले : ______________________________ ।

लाई : ______________________________ ।

द्वारा : ______________________________ ।

बाट : ______________________________ ।

देखि : ______________________________ ।


मा : ______________________________ ।

को : ______________________________ ।

रो : ______________________________ ।

नो : ______________________________ ।

## ७. दिएको चित्रमा रङ भर्नुहोस् :



एकाइ १६

# वाक्य

## १. तलका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :




दावा खेल्छ ।



म गीत गाउँछु ।



उनीहरू पढ्छन् ।



गाईहरू घाँस खान्छन् ।



उमेश चित्र बनाउँछ ।



आमा भात पकाउनुहुन्छ ।



बहिनी रुन्छे ।



राम खेत खन्छ ।



म फूल रोप्छु ।



तँ नाच्दै छस् ।

## २. तालिकामा दिएका वाक्य राम्ररी पढ्नुहोस अनि बुझ्नुहोस् :

| क्रम नमिलेका वाक्य | क्रम मिलेका वाक्य |
|---|---|
| म जान्छु विद्यालय । | म विद्यालय जान्छु । |
| ऊ खन्छ खेत । | ऊ खेत खन्छ । |
| पाठ पढ्छ राम । | राम पाठ पढ्छ । |
| सुमन खेल्छ बल । | सुमन बल खेल्छ । |
| आमा धुनुहुन्छ लुगा । | आमा लुगा धुनुहुन्छ । |
| जान्छे सहर गीता । | सीता सहर जान्छे । |
| गीत गाउँछन् उनीहरू | उनीहरू गीत गाउँछन् । |

**वाक्य बनाउँदा कर्ता, कर्म र क्रियाको क्रम मिलाउनुपर्छ ।**

**३. तलका वाक्य पढ्नुहोस् अनि क्रम मिलेका वाक्यमा ( √ ) र नमिलेका वाक्यमा ( × ) चिह्न लगाउनुहोस् :**

(क) बहिनी रुन्छे धेरै ।

(ख) म घरमा बस्छु ।

(ग) राम भकुन्डो खेल्छ ।

(घ) तिमी पढ पाठ ।

(ङ) घरमा जाऊ तिमी ।

(च) ऊ सिनेमा हेर्छ ।

(छ) रक्षा गर्छे गृहकार्य ।

(ज) उमा चिठी लेख्छे ।

**४. तलका शब्दहरूलाई क्रम मिलाएर वाक्य बनाउनुहोस् :**

(क) म/जान्छु/विद्यालय

(ख) बुवाले/ल्याउनुभयो/कलम

(ग) राम/चराउँछ/गाई

(घ) सीता/काट्छे/घाँस

(ङ) तिमी/जाऊ/घर



(च) तिमी/गाऊ/गीत ____________________

(छ) चिठी/लेख/तिमी ____________________

(ज) कथा/सुनाउँछु/म ____________________

## ५. तालिकामा दिएका शब्दबाट वाक्य बनाउनुहोस् :

| | | |
|---|---|---|
| म | कलम | गाउँछन् । |
| राम | फुटबल | बस्नुहुन्छ । |
| उनीहरू | गीत | किन्छु । |
| सीता | बजार | खन्छौँ । |
| हामी | खेत | छिन् । |
| उनी | असल | खेल्छ । |
| तपाईँ | घरमा | जान्छिन् । |

(क) ____________________ ।

(ख) ____________________ ।

(ग) ____________________ ।

(घ) ____________________ ।

(ङ) ____________________ ।

(च) ____________________ ।

(छ) ____________________ ।

## ६. तल दिएका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

किताव : ______________________________ ।

घर : ______________________________ ।

विद्यालय : ______________________________ ।

हिमाल : ______________________________ ।

भकुन्डो : ______________________________ ।

मन्दिर : ______________________________ ।


बजार : ______________________________ ।

कलम : ______________________________ ।

खेत : ______________________________ ।

पहाड : ______________________________ ।


## ७. तल दिएको चित्रमा रङ भर्नुहोस् :




एकाइ १७

# लेख्य चिह्न

## १. तल दिएका चित्र हेरेर वाक्यमा प्रयोग भएका चिह्न बुझ्नुहोस् :




तिम्रो नाम के हो ?



तिमी रमाइलो कुरा गर ।



यो कसको कलम हो ?



यो मेरो कलम हो ।



राम, हरि र गोपाल विद्यालय जाँदै छन् ।



म आँप, केरा, स्याउ र सुन्तला खान्छु ।

| । | , | ? |
|---|---|---|
| पूर्णविराम चिह्न | अल्पविराम चिह्न | प्रश्न चिह्न |

**वाक्य पूरा भएपछि पूर्णविराम (। ) चिह्न दिनुपर्छ ।**
**उस्तै-उस्तै दुईभन्दा बढी शब्द लेख्नु पऱ्यो भने अल्पविराम (, ) चिह्न दिनुपर्छ ।**
**कुनै कुरा सोद्धा बुझाउँदा प्रश्न चिह्न (? ) दिनुपर्छ ।**

**२. सही चिह्नको प्रयोग गरी तलका वाक्यलाई खाली ठाउँमा सार्नुहोस् :**

(क) तिम्रो नाम के हो ____________________

मेरो नाम सपना हो ____________________

(ख) तिमी कति कक्षामा पढ्छौ ____________________

म एक कक्षामा पढ्छु ____________________

(ग) तिमीलाई कुन विषय मन पर्छ ____________________

मलाई नेपाली विषय मन पर्छ ____________________

(घ) तिमीलाई कुन खेल मन पर्छ ____________________

मलाई फुटबल खेल मन पर्छ ____________________



(ङ) तिम्रो मिल्ने साथीको नाम के हो ______

मेरो मिल्ने साथीको नाम गोपाल हो ______

**३. तलका चिह्नहरूका नाम लेख्नुहोस् :**

| । | , | ? |
| --- | --- | --- |
| | | |

**४. आवश्यक ठाउँमा मिल्ने चिह्न राखी खाली ठाउँमा लेख्नुहोस् :**

(क) रमा राधा सीता गीता र माया सँगै पढ्छन् ।

______

(ख) तिमी कहाँ जान्छौ

______

(ग) म मेरो किताव कापी र कलम झोलामा राख्छु

______

(घ) गाई के खान्छ

______

(ङ) नाइँ म त बासी खाना खान्न

______





## ५. आवश्यक ठाउँमा मिल्दो चिह्न राखेर सार्नुहोस् :

तिमी कति कक्षामा पढ्छौ म त कक्षा एकमा पढ्छु तिमीलाई कुन खेल मन पर्छ मलाई त फुटबल मन पर्छ म त हरेक दिन आँप केरा सुन्तला स्याउ खान्छु तिमीलाई पनि फलफूल मन पर्छ



# शब्दभण्डार

## पर्यायवाची शब्द

१. तलका चित्र हेर्नुहोस् अनि शब्द पढ्नुहोस् :



जून/चन्द्रमा



घर/आवास



आमा/माता



बुवा/पिता




विद्यालय/स्कुल



सूर्य/घाम




किताव/पुस्तक



फूल/पुष्प



ताल/पोखरी



आँखा/नयन

**एउटै अर्थ दिने शब्दलाई पर्यायवाची शब्द भनिन्छ ।**

## २. तलका शब्दहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| | | |
|---|---|---|
| हस्त | – | हात |
| गगन | – | आकाश |
| जल | – | पानी |
| मित्र | – | साथी |
| पत्नी | – | श्रीमती |
| पहाड | – | पर्वत |
| मानव | – | मान्छे |

| | | |
|---|---|---|
| भगवान् | – | ईश्वर |
| गुरु | – | शिक्षक |
| ढोका | – | दैलो |
| शरीर | – | देह |
| हावा | – | वायु |
| दानव | – | राक्षस |
| पृथ्वी | – | धर्ती |

## ३. तलका शब्दहरूको उस्तै अर्थ दिने अर्को शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| आँखा | ______ | पुस्तक | ______ |
| माता | ______ | पोखरी | ______ |
| हात | ______ | पानी | ______ |
| सूर्य | ______ | हावा | ______ |
| साथी | ______ | ढोका | ______ |

## ४. उस्तै अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पुस्तक | पानी |
| पिता | किताव |
| जल | भगवान् |
| शिर | बुवा |
| मानव | टाउको |
| ईश्वर | मान्छे |

## ५. कोष्ठकबाट उस्तै अर्थ दिने शब्दहरू छानेर खाली ठाउँमा लेख्नुहोस् :

(क) 'ढुङ्गा' को उस्तै अर्थ दिने शब्द ______ हो। (सुन, पत्थर)

(ख) 'माया' को उस्तै अर्थ दिने शब्द ______ हो। (प्रेम, घृणा)

(ग) 'बालक' को उस्तै अर्थ दिने शब्द ______ हो। (बच्चो, युवा)





(घ) ‘रूख’ को उस्तै अर्थ दिने शब्द ______ हो। (वृक्ष, विष)

(ङ) ‘वन’ को उस्तै अर्थ दिने शब्द ______ हो। (जङ्गल, रूख)

**६. तल दिएका वाक्यहरू ठीक भए (√) र बेठीक भए (×) चिह्न लगाउनुहोस्:**

(क) ‘हस्त’ को पर्यायवाची शब्द ‘अस्त’ हो। ☐

(ख) ‘पृथ्वी’ को पर्यायवाची शब्द ‘धर्ती’ हो। ☐


(ग) ‘माया’ को पर्यायवाची शब्द ‘प्रेम’ हो। ☐

(घ) ‘किताव’ को पर्यायवाची शब्द ‘कापी’ हो। ☐

(ङ) ‘साथी’ को पर्यायवाची शब्द ‘मित्र’ हो। ☐

## विपरीतार्थक शब्द



अग्लो


होचो


सानो


ठुलो


दिन


रात


केटा


केटी



कालो



सेतो



छोरो



छोरी



मोटो



दुब्लो



मानव



दानव

**उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ ।**

## २. तलका शब्दहरू पढेर बुझ्नुहोस् :

| | | |
|---|---|---|
| सुख | – | दुःख |
| सफा | – | फोहोर |
| मित्र | – | शत्रु |
| नजिक | – | टाढा |
| आगो | – | पानी |
| उल्टो | – | सुल्टो |
| हार | – | जीत |

| | | |
|---|---|---|
| पाप | – | धर्म |
| धेरै | – | थोरै |
| उठ | – | बस |
| लामो | – | छोटो |
| मुनि | – | माथि |
| जेठो | – | कान्छो |
| चिसो | – | तातो |

## ३. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| असल | सहर |
| दिन | नराम्रो |
| घाम | खराब |
| धनी | रात |
| सुरु | उत्तर |
| गाउँ | गरिब |
| राम्रो | छाया |
| प्रश्न | अन्त्य |

## ४. तलका शब्दहरूको उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

अगाडि : ____________

माथि : ____________

सुख : ____________

मिठो : ____________

जेठो : ____________

दिन : ____________

घाम : ____________

गुण : ____________

लामो : ____________

अघि : ____________

उल्टो : ____________

मोटो : ____________



## बालबोलीका शब्द

१. तलका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



भाइ पापा खान्छ ।



मेरो नाना राम्रो छ ।



बाबु माम खान्छ ।



साने चाचा खेल्छ ।



पपी नुनु गर्छ



छोरी न्वाइन्वाइ गर्छे ।



मसँग मने खेल्छ ।



म बुबु पिउँछु ।

**बच्चाले बोल्ने पापा, नाना, चाचा, बुबु जस्ता शब्दलाई बालबोलीका शब्द भनिन्छ ।**

## २. तलका वाक्यहरू राम्ररी पढ्नुहोस् अनि बुझ्नुहोस् :

दिदीले पापा दिनुहुन्छ ।

नानी ज्या नगर ।

म चाचा खेल्छु ।

सुरीले म्याउँ गर्छ ।

बहिनीको निधारमा टिकी छ ।

भाइ बुबुमाम हाम्म गर्छ ।

बाबु थैथै गर ।

ऊ हाउगुजी आयो ।

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| चीची | खेलौना |
| नाना | टिका |
| मने | लुगा |
| टिकी | तेल |
| चाचा | पाठो |
| तेते | मासु |



## ४. मिल्ने शब्द राखेर खाली ठाउँ भर्नुहोस् :

(क) मलाई ______________ मिठो लाग्छ ।

(ख) नानूले ______________ लगाई ।

(ग) आँगनमा ______________ उफ्रन्छ ।

(घ) म ______________ खेल्छु ।

(ङ) आमाको निधारमा ______________ छ ।

| |
|---|
| टिकी |
| चाचा |
| पापा |
| नाना |
| मने |

## ५. तल दिएका बालबोलीका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

तेते : ______________ ।

चिची : ______________ ।

नुनु : ______________ ।

मने : ______________ ।

माम : ______________ ।

पापा : ______________ ।

कुति : ______________ ।

पपी : ______________ ।

नाना : ______________ ।

टिकी : ______________ ।





एकाइ १९

# पठन बोध

हरिको विद्यालयको नाम बालबोध माध्यमिक विद्यालय हो । ऊ कक्षा एकमा पढ्छ । उसको शिक्षकको नाम उर्मिला तामाङ हो । उसलाई नेपाली विषय धेरै मन पर्छ । ऊ साथीहरूसँग मिलेर बस्छ । ऊ धेरै मिहिनेती र अनुशासित पनि छ । ऊ गुरुले भनेको मान्छ । हामी पनि हरिजस्तै अनुशासित बन्नुपर्छ ।

## प्रश्न र उत्तर

(क) हरिको विद्यालयको नाम के हो ?

उत्तरः हरिको विद्यालयको नाम बालबोध माध्यमिक विद्यालय हो ।

(ख) हरि कति कक्षामा पढ्छ ?

उत्तरः हरि एक कक्षामा पढ्छ ।

(ग) हरिलाई मन पर्ने विषय कुन हो ?

उत्तरः हरिलाई मन पर्ने विषय नेपाली हो ।

(घ) हरि साथीसँग कसरी बस्छ ?

उत्तरः हरि साथीसँग मिलेर बस्छ ।

(ङ) हरि कसले भनेको मान्छ ?

उत्तरः हरि गुरुले भनेको मान्छ ।

**देखेको, सुनेको र पढेको कुरा बुझ्नु बोध हो ।**

## २. तलको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

हिजो शनिबार बिदा थियो । राम दाजुसँग बजार घुम्न गयो । दाजुले उसलाई फुटबल किनिदिनुभयो । उनीहरू बजारबाट घर फर्के । राम फुटबल लिएर साथीसँग खेल्न गयो । खेलेर आएपछि उसले घरमा खाजा खायो । उसले शनिवारको दिन रमाइलो गरी बितायो ।

(क) हिजो कुन बार थियो ?

______________________________ ।

(ख) राम दाजुसँग कहाँ गयो ?

______________________________ ।

(ग) दाजुले रामलाई के किनिदिनु भयो ?

______________________________ ।

(घ) राम कोसँग फुटबल खेल्न गयो ?

______________________________ ।

(ङ) रामले घरमा आएर के खायो ?

______________________________ ।





एकाइ २०

# चिठी/निवेदन

## १. तल दिएको निवेदन पढेर बुझ्नुहोस् :

प्रधानाध्यापकलाई निवेदन

मिति : २०८०/०१/०१

श्रीमान् प्रधानाध्यापकज्यू,

पञ्चकन्या माध्यमिक विद्यालय

दक्षिणकाली ८, छैमले ।

विषय : बिदा पाऊँ ।

महोदय,

म हिजोदेखि बिरामी छु । मलाई ज्वरो आएको छ । म आज विद्यालय आउन सक्दिन । मलाई आज एक दिनका लागि बिदा मिलाई दिनुहुन अनुरोध गर्दछु ।

आज्ञाकारी छात्र

सुमन थापा

कक्षा – १

क्रमाङ्क – २



# खामको नमुना




**केही काम गरिदिन अनुरोध गरी लेखिने चिठीलाई निवेदन भनिन्छ ।**

**२. घरमा आमा बिरामी परेकाले विद्यालय आउन नसकेको कुरा लेखी प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् :**

मिति : ________________

श्रीमान् ________________

________________

________________ ।

विषय : ________________________________ ।

महोदय,

________________________________________________

________________________________________________

________________________________________________






।

आज्ञाकारी छात्रा

३. दिएको चित्रमा रङ भर्नुहोस् :



एकाइ २१

# कथा

## १. तल दिएको कथा पढ्नुहोस् :

सफलको घरमा परेवाको गुँड थियो । गुँडमा परेवाका बच्चा पनि थिए । दिउँसो माउ परेवा चारो खोज्न जान्थे । बचेरा गुँडमै बस्थे ।

एकदिन माउ परेवा चारो खोज्न गए । त्यही बेला बचेराहरूलाई उड्न मन लाग्यो । उनीहरू उडेर खेतमा पुगे । खेतमा सिकारीले जाल थापेको थियो । बचेरा जालमा परे । उनीहरू रुन कराउन थाले । बचेरा रोएको माउ परेवाले सुने । उनीहरू आत्तिएर त्यहाँ पुगे । केही बेर सोचेर उनीहरूले उपाय निकाले । उनीहरूले यो कुरा मुसा साथीलाई सुनाए । मुसाले जाल काटिदियो । बचेरा बाँच्न सफल भए ।




माउ परेवाले बचेरालाई सम्झाउँदै भने, "तिमीहरू सानै छौ । अबदेखि हामी नभएको समयमा गुँड नछाड्नू, दुःख पाइन्छ ।"

**कुनै घटनामाथि पात्रहरूको प्रयोग गरी प्रस्तुत गर्ने रचनालाई कथा भनिन्छ ।**

२. तपाईँले पनि आफूले सुनेको कुनै कथा लेख्नुहोस् :

३. दिएको चित्रमा रङ भर्नुहोस् :



एकाइ २२

# कविता

## १. तलको कविता लय हालेर पढ्नुहोस् :

### मेरो मामाघर

बुबु माम खाएर
राम्रो नाना लाएर
जान्छु म त मामाघर
मोटरमा चढेर

धेरै टाढा छैन
नजिक पनि होइन
चार घण्टाको बाटो हो
एक्लै जान सकिन्न ।

हजुरबाबा हुनुहुन्छ
पढाइ लेखाइ सोध्नुहुन्छ
नपढ्ने त मूर्ख हो
दुःख पाउँछ भन्नुहुन्छ ।

हजुरआमा मामा माइजू
सबले माया गर्नुहुन्छ
मिठो पापा दिनुहुन्छ
अर्ती बुद्धि दिनुहुन्छ ।

लय हालेर पढिने रचनालाई कविता भनिन्छ ।

२. आफूलाई मनपर्ने कुनै एक विषयमा कविता लेख्नुहोस् :

______________________________

______________________________

______________________________


______________________________

______________________________

______________________________

______________________________ ।

३. दिएको चित्रमा रङ भर्नुहोस् :



# राष्ट्रिय गान




सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भै फैलिएका, मेची–महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

## तल दिएको चित्रमा रङ भरेर शिक्षकलाई देखाउनुहोस् :




विद्यार्थीको नाम : ____________________

रोल नम्बर : ____________ सेक्सन : ____________

मिति : ____________________

शिक्षकको हस्ताक्षर : ____________________